नरहा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नरहा, सिरहा
मधेश प्रदेश, नेपाल

प.स.: २०८१।०८२
च.न.: ९२८६

मिति:२०८२/०३/३२

**सामाजिक सुरक्षा परिचय-पत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को दोस्रो संशोधन अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरुले आगामी आ.वा.२०८२/०८३ मा नियमित रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि मिति २०८२ श्रावण देखि भाद्र मसान्तसम्म सम्बन्धित वडा कार्यालयमा गई निवेदन दिई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचय-पत्र नविकरण गराउनु पर्ने भएकाले तोकिएको अवधि भित्र आवश्यक कागजात सहित आफ्नो परिचयपत्र नविकरण गराउनुहुन सम्बन्धित लाभग्राहीहरुका लागि यो सूचना प्रकाशित गरिएको छ । निश्चित समय अवधि भित्र सामाजिक सुरक्षा भत्ता परिचय-पत्र नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

आवश्यक कागजातहरुः

१. जेष्ठनागरिक र अन्य जेष्ठ नागरिकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी, राष्ट्रिय परिचय-पत्र नम्बर ।
२. विधवा महिलाको हकमा नागरिकता, पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी, राष्ट्रिय परिचय-पत्र नम्बर ।
३. एकल महिलाको हकमा पुन अर्को विवाह नगरेको वडा कार्यालयको सिफारिस, राष्ट्रिय परिचय-पत्र नम्बर ।
४. पूर्ण अपाङ्ग/अति अशक्त अपाङ्गको हकमा नागरिकता वा जन्मदर्ता, गाउँपालिकाबाट प्राप्त भएको, अपांङ्गता परिचयपत्रको प्रतिलिपी, संरक्षकको नागरिकता र राष्ट्रिय परिचत-पत्र नम्बर ।
५. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, संरक्षकको राष्ट्रिय परिचय-पत्र नम्बर ।

पुनश्चय : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम नरहा गाउँपालिका अन्तर्गतका ५ वटै वडा भित्र सामजिक सुरक्षा भत्ता प्राप्त गर्दै आउनु भएका लाभग्राहीको परिचय-पत्र नविकरण नभएमा लाभग्राहीको नाम लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सूचीकृत हुनका कागि नयाँ लाभग्राही सरह सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही अनुसारगर्नु गराउनु हुन सूचित गरिन्छ । (९० वर्ष भन्दा माथिका बृद्धा, पूर्ण अपाङ्ग, अति अशक्त अपाङ्ग, बालबालिकाको हकमा स्वंयम उपस्थित हुनु नपर्ने र संरक्षकको राष्ट्रिय परिचय-पत्र नम्बर अनिवार्य हुनुपर्ने ) ।

शिवेन्द्र कुमार मण्डल
प्रमुख प्रशासकीय अधिकृत

शिवेन्द्र कुमार मण्डल
प्रमुख प्रशासकीय अधिकृत